GMMC Journal of Interdisciplinary Studies
Vol. 15, Issue 1, June 2026, pp. 185-209
ISSN : 2392-4519 (Print), 3021-9086 (Online)
Journal homepage: http://gmmcjournal.edu.np

# नेपालमा विश्वब्यापिकरणको प्रभाव : अवसर, चूनौति र भावी दिशा

***मधुकरमणि आचार्य**

*एमफिल, एम.ए.,एम. पि.ए.,एल एल वि.(त्रि.वि.)*
**Corresponding Author's Email: acharyamadhu24@gmail.com*
*ORCID Number: https://orcid.org/0009-0000-7281-7595*

Received: March, 2026
Revised: May, 2026
Accepted: June, 2026
Available online: June, 2026
DOI: https://doi.org/10.3126/jis.v15i1.96520
*Copyright: ©2026 The authors and the Publisher*

## सारांस

***पृष्ठभूमि :*** *विश्वब्यापिकरण समकालीन विश्व एकिकरण तथा विकासको महत्वपूर्ण प्रक्रिया तथा रणनीति एवं आर्थिक वृद्धि र विकासमो इन्जिन हो। विश्वब्यापिकरणको सन् १९८० देखि चर्चा भएपनि यसको सुरुवात १३९ BC पहिलादेखि ६४०० किमी सिल्क रोड मार्फत सिल्क ब्यापारबाट भएको मान्न सकिन्छ । यो विश्व एक ग्राम अवधारणा हो, जसले राष्ट्रहरूबीचको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक अन्तरसम्बन्धलाई तीव्र बनाएको छ । आर्थिक उदारीकरणपछि नेपाल पनि यस प्रक्रियाको अभिन्न हिस्सा बनेको छ । यस अध्ययनले विश्वब्यापिकरणका नवीनतम प्रवृत्ति तथा नेपालमा त्यसका प्रभावहरूको विश्लेषण गर्ने उद्देश्य राखेको छ ।*

***अध्ययन विधि :*** *प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान हो । अध्ययनका लागि पुस्तक, अनुसन्धानात्मक लेख, सरकारी प्रतिवेदन, नीति दस्तावेज तथा अन्तर्राष्ट्रिय संस्थाका प्रकाशनलगायत द्वितीय स्रोतहरूबाट तथ्य तथा सूचना सङ्कलन गरी विषयगत विश्लेषण विधिको प्रयोग गरिएको छ ।*

***नतिजा :*** *अध्ययनले विश्वब्याकरणका कारण पर्यटन, वैदेशिक रोजगारी,पूर्वाधार, अन्तराष्ट्रिय ब्यापार,बैंकिङ्ग प्रतिस्पर्धा लगायतमा सुधार आएको देखाएको छ । यद्यपी १५ खर्बको ब्यापार घाटा,प्रतिभापलायन,२५ प्रतिशत कृषियोग्य जमिन बाँझो हुनु, आधारभूत खाद्यान्नमा परनिर्भरता बढ्नु, उत्पादनमूलक उद्योगमा संकुचन आएकोले सुधार गर्न अवलम्बन गर्नुपर्ने उपाय बारेमा नीतिगत सुझाव प्रदान गरिएको छ ।*

***निष्कर्ष*** *: भूमण्डलीकरण नेपालका लागि अवसर र चुनौती दुवैको स्रोत बनेको छ । यसको लाभलाई अधिकतम उपयोग गर्न उत्पादनमूलक क्षेत्रको विकास, निर्यात प्रवर्द्धन, मानव पूँजी सुदृढीकरण तथा प्रभावकारी नीतिगत व्यवस्थापन आवश्यक देखिन्छ ।*

***नवीनताः*** *प्रस्तुत अध्ययनले विश्वब्यापिकरणका आर्थिक पक्षमा मात्र सीमित नरही आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक आयामहरूको एकीकृत विश्लेषण गर्दै नेपालको समग्र अनुभवलाई समेट्ने प्रयास गरेको छ ।*

**शब्दकुञ्जी :** भूमण्डलीकरण, आर्थिक उदारीकरण, वैदेशिक लगानी, विप्रेषण, अन्तर्राष्ट्रिय व्यापार ।

## अध्ययनको पृष्ठभूमि

विश्वब्यापिकरणको कारण एक ब्यापारी अमेरिकामा ब्रेकफास्ट गरेर युरोपमा डिनर गर्न, विद्यार्थी नेपालमा बसेर अस्टेलियाको जुम कक्षामा सहभागी हुन तथा एक राजनेता विहान एक स्थानमा सम्मेलन गरेर अर्को मूलुकमा बेलुका कुटनैतिक सन्धि गर्न पूग्ने अवस्था सिर्जना भएको छ । ( रोकाय २०७६) विश्वब्यापीकरणको हावाले आज नीति निर्माता, योजनाका, वुद्धिजीवी, प्राज्ञलगायत सबैलाई छोएको पाइन्छ । कपुर र कपुरका अनुसार विश्वब्यापीकरण भनेको विकासको उन्नत अवस्था हो । जहाँ पूँजी, प्रविधि, श्रम, कच्चा पदार्थ सूचना र परिवहन वितरण र बजारीकरणका सबै विश्वब्यापी स्तरमा एकिकृत वा आत्मनिर्भर हुन्छन् । विश्व ब्यापीकरणलाई आर्थिक, सामाजिक,राजनीतिक, वातावरणीय तत्वले प्रभावित पारेको हुन्छ । आजको युग भनेको विज्ञान र प्रविधिको युग हो । विज्ञान राप प्रविधिको तापको विकाससँगै हिजो असम्भव मानिएका कुराहरु सम्भव भएका छन् । मानिस एक ठाउँमा रहन मात्र सक्ने अवस्था छैन । विभिन्न उत्पादन एकै मुलुकमा सीमित रहन सक्ने अवस्था छैन । विश्वको एक ठाउँमा उत्पादन भएको ब्राण्डले सबै ठाउँमा प्रभाव पार्दछ । सबैका सोख फेरिएका छन । आतंकवाद , मुद्रा निर्मलीकरण जस्ता अपराध एउटै मूलुकको सीमाभित्र असम्भव प्राय देखिएको छ । भुकुम्प लगायत प्राकृतिक विपत्तिसँग लड्न एउटा मूलुकमात्र सम्भव छैन । सबै मुलुकहरु मिली संयुक्त प्रयासमा कार्य गर्ने उद्धेश्यले धनि गरीब दुबै मूलुक एकजुट हुन थालेका छन । धनि मुलुकले विज्ञान प्रविधिको अविष्कार गर्दछन भने गरीब मुलुकले त्यस ठाउँमा काम गर्ने कामदार उपलब्ध गराउँछन । प्रथम विश्वयुद्धले मानवीय एवं आर्थिक क्षति भएपछि सबै मुलुक एकजुट भएर शान्ति स्थापना गर्न राष्ट्र संघको स्थापना भएको थियो ।राष्ट्र संघको असफलताको कारण दाश्रो विश्व युद्ध हुन पुग्यो । करौडौंको मानवीय संहार भयो । दोश्रो विश्व युद्धको समाप्तीसँगै मानवीयताको महत्व गराउनका साथै विश्व शान्ति कायम गर्न संयुक्त राष्ट्र संघको स्थापना भयो । जसमा १९३ मुलुक आवद्ध भए । यसबाट भाइचाराको सम्बन्ध विस्तार भयो । बेलायतबाट मार्गरेट थ्याचर प्रधानमन्त्रि हुँदा सुरु भएको उदारिकरण र निजिकरणको नीति , हाल सरकार विकासको एक्लो नायक हुन नसक्ने अवधारणा , सार्वजनिक निजी ,सहकारी साझेदारी नीति ,नयाँ सार्वजनिक ब्यवस्थापनको धारणाले विश्वब्यापिकरणको सुरुवात भएको मानिन्छ । विश्वब्यापीकरणसँगै विद्युतीय शासनलाई प्रोत्साहन , राज्यको भूमिकामा कटौति , राज्यको नियन्त्रण फुकुवा , प्रशासनको भूमिकामा रुपान्तरण ,राज्यको सम्प्रभूतामा सीमा तोकिएको पाइन्छ । (भट्ट, २०७३)

सन् १८१६ मार्च ३ मा बेलायतसँग कुटनैतिक सम्बन्ध राखेकोमा नेपालले राणाकालको अन्त्यतिर सन् १९४७ अप्रिल २५ मा अमेरिका , १९४७ जुन १३ मा भारतसँग , १९४९ अप्रिल २० मा फ्रान्स गरी ४ मूलुकमा दौत्य सम्बन्ध भएकोमा हाल १८३ मूलुकसँग दौत्य सम्बन्ध राखेको छ । विभिन्न मूलुकसँगको सम्बन्धसँगै आर्थिक कुटनीति लगायत आपसी अन्तरनिर्भरता बढेको छ । एक मूलुक र अर्कोविच अन्तराष्ट्रिय सहयोग आदन प्रदान

भएको छ। नेपालको कूल खर्चको करीब २५% खर्च वैदेशिक सहयोगबाट पूर्ति हुने गरेको छ। नेपालले वैदेशिक सहायताको विजारोपण सन्  १९५१ को अमेरिकाको फोर प्वाइन्ट प्रोग्रामबाट विजारोपण गरेको हो । संस्थागत वैदेशिक सहयोग सन् १९५१ बाट लिएतापनि वैदेशिक ऋण भने  वि सं २०१७ फाल्गुण २७ गते अमेरिकी डेभलप्मेन्ट लोन फण्डसँग ४ लाख डलर सम्झौता भएसगैँ  ऋण लिन थालेको पाइन्छ।जसमा २२ हजार अमेरिकन डलर प्राप्त गरेको थियो। हाल वैदेशिक सहायता भन्दा लगानीमा जोड दिने नीति ल्याएको छ। सर्वप्रथम नेपालले सहायता लिन नेपाल सहायता नीति लिएकोमा सन् २००० देखि नेपाल विकास मञ्चको स्थापना भएर आर्थिक सहायता लिएको छ । सन् १९७५ मा नेपाल र इयुविच कुटनैतिक सम्झौता भएपछि सन् १९७७ देखि गरीवि निवारण लोकतन्त्र र आर्थिक विकासमा सहयोग गर्दै आएको छ र सन् १९८२ देखि नेपाल इयुको सदस्य भएको छ। सन् १९८५ जलाई २२ मा विश्व भन्सार संघको सदस्यता , सन् २००४ अप्रिल २३ तदनुसार २०६१ वैशाख ११ मा १४७ औँ सदस्यको रुपमा विश्व ब्यापार संगठनको सदस्यता लिएसँगै खुला ब्यापार रणनीति अख्तियार गर्दै विश्व वजारमा आफ्नो अवस्थिति जनाएको छ। विश्वब्यापिकरणमा योगदान दिन नेपालमा आइ एम एफ को सहयोगमा आव २०४३।४४ मा करप्रणाली सुधार कार्यक्रम सुधार भयो। (आचार्य, २०२६)

वैदेशिक रोजगारीमा जान श्रम स्विकृति लिने नेपाली कामदारको संख्या ६९ लाख नाघेको छ। चालू वर्षमा मात्र २ लाख ७३ हजार नयाँ र २ लाख ५१ हजार पुनः श्रम स्विकृति लिएका छन् । विप्रेषण प्रवाह ३७.७ प्रतिशतले वृद्धि भई १४ खर्ब ४९ अर्व,७० करोड पुगेको छ। विप्रेषण आप्रवाहमा भएको उच्च वृद्धिका कारण शोधान्तरण स्थिति रु. ६ खर्ब ५८ अर्बले बचत भएको छ भने  चालू खाता रु ५ खर्ब ५२ अर्ब  ८५ करोडले बचत भएको छ । नेपालमा गरीबि निवारणमा समेत यसको महत्वपूर्ण योगदान रहेको छ । (वैदेशिक रोजगार विभाग,२०८२।८३)  पर्यटन क्षेत्रको पुनरुत्थान हुँदै गएको छ । सन् २०२५ मा ११ लाख ६२ हजार पर्यटक नेपाल भित्रिएका छन् । पर्यटक बसाईँ अवधि १६.३४ दिन पुग्नुका साथै प्रतिदिन पर्यटक औषत खर्च ३३.०८ डलर रहेको छ। (पर्यटन मन्त्रालय, २०८३)  यद्यपी पर्यटकीय पूर्वाधार विकास तथा पर्यटकमा गर्नुपर्ने ब्यवहार समयसापेक्ष सुधार नहुँदा अपेक्षित नतिजा दिन समस्या रहेको छ।  यस्तै चालू आर्थिक वर्षमा भारत तर्फ २९१८ गिगावट घण्टा विद्युत निर्यात भएको छ। २०८२ फागुणसम्म ६ खर्ब २५ अर्ब ५८ करोड बराबरको विदेशी लगानी स्विकृति भएको छ। प्रतिब्यक्ति आय १५३५ अमेरिकन डलर तथा कूल ग्राहस्थ उत्पादन ६६ खरब पुग्नुमा वैदेशिक रोजगारीको महत्वपूर्ण योगदान रहेको छ। जलवायु परिवर्तनको प्रभावबाट समेत नेपालले आम्दानी गरेको छ। २०८२ फागुन सम्म करिब ३.६ करोड अमेरिकन डलर कार्बन ब्यापारबाट राजस्व प्राप्त भएको छ। (आर्थिक सर्वेक्षण २०८२।८३) सन् २०२५ मा सम्पन्न सार्वभौम क्रेडिट रेटिङमा नेपालको सार्वभौम रेटिङ बिबि माइनस स्थिरता कायम भएसँगै ऋण तिर्न सक्षम भएकाले विश्व जगतमा असल सन्देश दिएर विश्वब्यापिकरणमा नेपालको असल प्रभाव पर्ने देखिएको छ। विश्वब्यापिकरणका कारण नागरिकका हरेक क्रियाकलापमा  सकारात्मक योगदान रहेको पाइन्छ।  विश्वव्यापीकरणका कारण विश्व एउटा गाउँ बन्दा पूँजि,प्रविधि, श्रम र सीपको निर्वाध रुपमा आगमन भएको छ। वहुपक्षिय तथा द्धिपक्षिय सहायता आदन प्रदान भएको छ। पूर्वाधार विकास, पूँजि निर्माण,दीगो विकास योजना कार्यान्वायन,कम विकसित मूलुकबाट स्तरोन्नति, बजेट,योजना, मध्यमकालीन खर्च कार्यान्वायन, संघीयता कार्यान्वायनमा सघाउ पूगेको छ भने अर्को तर्फ सन् १९७० मा नेपाल,भारत,पाकिस्तान,भूटान लगायत

मूलुकको प्रतिब्यक्ति आय समान भएकोमा हाल ठूलो अन्तर छ। (ज्ञवाली,२०८२) कमजोर मूलुकले प्रतिष्पर्धा गर्न नसक्दा प्रतिभा पलायन,ब्यापार घाटा,वैदेशिक रोजगारमा समस्या, खुला सिमानाबाट अवैध कारोबार र सम्पत्ति शुद्धिकरण,असमानता वृद्धि, भू राजनीतिमा नकारात्मक प्रभाव, सांस्कृतिक विचलनले चिन्ताको विषय बनेको छ।

नेपालले विश्वब्यापिकरणबाट फाइदा लिन ६ ओटा मुलुकसँग विप्पा सम्झौता,१२ मुलुकसँग दोहोरो कर मुक्ति सम्झौता, १११ मूलुकसँग श्रम सम्झौता गरेको छ। जसको कारण भन्सार दरमा कटौति हुनका साथै वस्तुको सहज र सुपथ मुल्यमा आपूर्ति भएको छ। आयात निर्यातमा सहज तुल्याएको छ। भूपरिवेष्ठित तथा कम विकसित मूलुकको तर्फबाट निर्यातमा कर छुट, सहुलियत ब्यापार, कोटा ब्यापारको अवसर प्राप्त भएको छ। (परराष्ट्र मन्त्रालय, २०८२) यसै गरी नेपालले संयुक्त राष्ट्र संघ र यसका विशिष्टिकृत संस्था र विभिन्न क्षेत्रिय संस्थामा उपस्थिति जनाउने मौका पाएको छ। विभिन्न क्षेत्रिय संगठन जस्तै सार्क ,विमस्टेकको माध्यमबाट विभिन्न क्षेत्रिय समस्या जस्तै आतंकवाद ,गरीबि निवारण विरुद्ध संयुक्त रुपमा लड्न सक्षम भएको छ। विभिन्न मूलुकसँग दौत्य सम्बन्ध राखी आपसी सहयोग सहकार्य एवं द्धिपक्षिय र क्षेत्रिय सहयोग आदनप्रदान गर्न मद्धत मिलेको छ। विश्वका ठूला ठूला कम्पनीले विश्वभर लगानी र सेवा गर्न पाएका छन्। जनशक्ति गरीब मूलुकबाट नवउदयीमान अर्थतन्त्र भएको मूलुकमा निर्यात भएको छ। साझा समस्या जस्तै जलवायु परिवर्तन , मानव अधिकार , सुशासन, मुद्रा निर्मलीकरण , संगठित अपराध जस्ता क्रियाकलापमा संयुक्त प्रयासमा विकास प्रक्रिया अघि बढेका छन्। सम्पन्न मुलुकले गरीब मुलुकलाई वैदेशिक सहयोग , प्राविधिक सहयोग र वैदेशिक अनुदान दिने कृयाकलाप संचालन गरेका छन। विकास प्रकृयामा हातमा हात मिलाएर सँगै हिड्ने प्रयास स्वरुप सह्रशताब्दी विकास लक्ष्य बनाएर हिडे भने हाल दीगो विकास लक्ष्य अनुसार हिडिरहेका छन। विश्वमा हुने कूल वैदेशिक ब्यापारमा ९० प्रतिशत ब्यापार विश्व ब्यापार संगठनका माध्यमबाट हुने गरेको छ। खुला प्रतिष्पर्धात्मक भावनाले वस्तुको गुणस्तरमा समेत वृद्धि भएको छ। विश्वब्यापिकरणले थुप्रै सकारात्मक सन्देश दिएको छ। यसको अभावमा मानिस रहन नसक्ने अवस्था सिर्जना भएको छ। यति हुँदा हुँदै पनि गरीब मुलुकका उद्योग कलकारखाना आदी धराशयी भएका छन। वैदेशिक रोजगारको कारण नेपालको ग्रामीण क्षेत्रमा करीब २४ प्रतिशत खेतीयोग्य जमिन बाँझै छन्। स्वदेशमा खेती गर्ने युवा पाइदैंन भने विदेशमा रोजगारीको खोजीमा विदेश गएका नागरिकहरु ठगिएको र पारिवारिक विचल्ली भएको पाइन्छ। विप्रेषणबाट आएको रकम अनुत्पादक क्षेत्रमा खर्चिएको पाउन सकिन्छ। आधारभूत खाद्य पदार्थ तथा मोही समेत आयात गर्नुपर्ने तथा विलासि जीवनशैली नसर्ने रोगको प्रकोप बढेको नकार्न सकिदैंन। वैदेशिक सहयोगको नाममा दाताको स्वार्थ र शर्त मान्नुपर्ने भएकाले मूलुकको स्वाधीनतामा असर गर्छ कि भनेर वेला वेलामा चर्चा हुने गरेको छ। वैदेशिक सहयोगको समुचित सदुपयोग हुन सकिरहेको छैन। रोजगारी र अन्य आश्वासनमा नारी ब्यापार ,चेलीबेटी बेचविखन , मानव अंग ब्यापारका घटना फैलिइरहेका छन। विश्व ब्यापीकरणले सकारात्मक र नकारात्मक प्रभाव जमाएको छ। जुन कुराको बारेमा प्रस्तुत लेखमा विश्लेषण गर्न खोजिएको छ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य विश्वव्यापीकरणका नवीनतम प्रवृत्तिहरूको विश्लेषण गर्दै नेपालमा त्यसले पारेका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक प्रभावहरूको मूल्याङ्कन गर्न' हो। यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

विश्वव्यापीकरणको अवधारणा, स्वरूप तथा समकालीन प्रवृत्तिहरू तथा संवैधानिक, नीतिगत तथा संस्थागत आधारहरूको समीक्षा गर्नु ।

विश्वव्यापीकरणले नेपालको अर्थतन्त्र, समाज, राजनीति, संस्कृति तथा प्रविधि क्षेत्रमा पारेका प्रभावहरूको विश्लेषण गर्नु ।

नेपालले विश्वव्यापीकरणका लाभहरू अधिकतम उपयोग गर्न अपनाउनुपर्ने नीतिगत उपायहरू सुझाव दिनु ।

## अध्ययनको आवश्यकता तथा महत्व

विश्वव्यापीकरणले विश्वका राष्ट्रहरूबीचको अन्तरनिर्भरतालाई तीव्र बनाएको वर्तमान अवस्थामा नेपाल पनि यसको प्रभावबाट अछुतो रहन सकेको छैन । आर्थिक उदारीकरणपश्चात् नेपाल अन्तर्राष्ट्रिय व्यापार, वैदेशिक लगानी, श्रम आप्रवासन, पर्यटन, सूचना प्रविधि तथा अन्तर्राष्ट्रिय सहकार्यका माध्यमबाट विश्व अर्थतन्त्रसँग थप आबद्ध हुँदै गएको छ । यस प्रक्रियाले विकासका नयाँ अवसरहरू सिर्जना गरे पनि व्यापार घाटा, आयात निर्भरता, श्रम पलायन, सांस्कृतिक चुनौती तथा आर्थिक असमानताजस्ता समस्याहरू पनि उत्पन्न भएका छन् ।

नेपालको संविधान, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नीति, व्यापार नीति, औद्योगिक नीति तथा अन्तर्राष्ट्रिय संगठनहरूमा नेपालको सहभागिताले विश्वव्यापीकरणलाई थप संस्थागत आधार प्रदान गरेको छ । यद्यपि विश्वव्यापीकरणका बहुआयामिक प्रभावहरूको समग्र विश्लेषण गर्ने अध्ययनहरू सीमित छन् । त्यसैले यस अध्ययनले विश्वव्यापीकरणका समकालीन प्रवृत्तिहरू तथा नेपालमा तिनका प्रभावहरूको समग्र मूल्याङ्कन गरी नीति निर्माण, शैक्षिक अनुसन्धान तथा सार्वजनिक बहसका लागि उपयोगी आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## अध्ययनको सीमा

यस अध्ययनले विश्वव्यापीकरणका अवधारणा, प्रवृत्ति, अवसर तथा चुनौतीहरूको सैद्धान्तिक तथा विश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको छ । अध्ययनको मुख्य फोकस नेपालमा विश्वव्यापीकरणले पारेका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक प्रभावहरूको विश्लेषणमा रहेको छ ।

अध्ययनले विशेषतः आर्थिक उदारीकरण पश्चात् नेपालमा देखिएका वैदेशिक लगानी, अन्तर्राष्ट्रिय व्यापार, विप्रेषण, वैदेशिक रोजगार, पर्यटन, प्रविधि हस्तान्तरण, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरूसँगको सम्बन्ध तथा डिजिटल विश्वव्यापीकरणका पक्षहरूलाई समेटेको छ । अध्ययन पूर्ण रूपमा द्वितीय स्रोतमा आधारित भएकाले प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छैन । साथै अध्ययनले विश्वव्यापीकरणका सम्पूर्ण वैश्विक आयामहरूको विस्तृत विश्लेषण नगरी नेपालसँग प्रत्यक्ष सम्बन्धित पक्षहरूमा मात्र केन्द्रित रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक (Qualitative) प्रकृतिको वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धानमा आधारित छ । अध्ययनका लागि आवश्यक तथ्य, सूचना तथा सामग्रीहरू पुस्तक, अनुसन्धानात्मक लेख, सरकारी प्रतिवेदन, नीतिगत दस्तावेज, नेपालको संविधान, अन्तर्राष्ट्रिय संस्थाका प्रतिवेदन, तथा विभिन्न विद्युतीय स्रोतहरूबाट सङ्कलन गरिएको छ। विशेष गरी विश्वव्यापीकरण, आर्थिक उदारीकरण, वैदेशिक लगानी, अन्तर्राष्ट्रिय व्यापार, पर्यटन, वैदेशिक रोजगार, विप्रेषण तथा अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित सामग्रीहरूलाई अध्ययनको आधार बनाइएको छ ।

सङ्कलित सामग्रीलाई विषयगत विश्लेषण विधिमार्फत अध्ययन गरिएको छ । विश्लेषणका क्रममा विश्वव्यापीकरणका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक आयामहरूलाई पृथक रूपमा परीक्षण गरी नेपालमा तिनका प्रभावहरूको मूल्याङ्कन गरिएको छ। साथै नेपालको संवैधानिक व्यवस्था, आर्थिक नीति, व्यापार नीति तथा अन्तर्राष्ट्रिय संगठनहरूसँगको आबद्धतालाई समेत विश्लेषणको आधार बनाइएको छ। अध्ययनले आर्थिक उदारीकरणपछिको अवधिदेखि हालसम्मका विश्वव्यापीकरणसम्बन्धी प्रवृत्ति तथा तिनका प्रभावहरूलाई समेटेको छ।

## साहित्यको पुनरावलोकन

विश्वव्यापीकरण समकालीन विश्व व्यवस्थाको एक प्रमुख विशेषता हो, जसले विश्वका विभिन्न राष्ट्रहरूलाई आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक रूपमा एकअर्कासँग आबद्ध बनाएको छ। (Giddens २००२) का अनुसार विश्वव्यापीकरणले विश्वव्यापी सामाजिक सम्बन्धहरूलाई तीव्र बनाउँदै स्थानीय र विश्वव्यापी घटनाहरूबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउँछ। (Held र McGrew २००७) ले यसलाई राष्ट्रिय सीमाभन्दा बाहिर आर्थिक, राजनीतिक र सांस्कृतिक अन्तरनिर्भरताको विस्तारका रूपमा व्याख्या गरेका छन्। विश्वव्यापीकरणको प्रभाव व्यापार, लगानी, श्रम आप्रवासन, सूचना प्रविधि, सञ्चार तथा ज्ञान आदानप्रदानका माध्यमबाट विश्वव्यापी रूपमा विस्तार भएको छ ।

आर्थिक दृष्टिकोणबाट (Bhagwati २००४) ले विश्वव्यापीकरणलाई आर्थिक वृद्धि, लगानी विस्तार तथा बजार एकीकरणको महत्वपूर्ण माध्यमका रूपमा व्याख्या गरेका छन् । (Stiglitz २००२) ले विश्वव्यापीकरणले विकासशील राष्ट्रहरूलाई अवसर प्रदान गरे पनि संस्थागत कमजोरी भएका मुलुकहरूमा असमानता, निर्भरता तथा आर्थिक जोखिम बढाउन सक्ने तर्क प्रस्तुत गरेका छन् । (Rodrik २०११) का अनुसार विश्वव्यापीकरणबाट अधिकतम लाभ प्राप्त गर्न बलियो राष्ट्रिय संस्था, प्रभावकारी सार्वजनिक नीति तथा प्रतिस्पर्धी उत्पादन संरचना आवश्यक हुन्छ ।

हालका अन्तर्राष्ट्रिय अध्ययनहरूले विश्वव्यापीकरणको स्वरूप परम्परागत व्यापार र पूँजी प्रवाहभन्दा अगाडि बढेर डिजिटल विश्वव्यापीकरण, कृत्रिम बुद्धिमत्ता, डिजिटल व्यापार, डेटा प्रवाह तथा ज्ञान-आधारित अर्थतन्त्रतर्फ रूपान्तरण भइरहेको देखाएका छन् (World Bank, २०२३; UNCTAD, २०२४)। विशेषतः COVID–१९ पछिको अवधिमा डिजिटल प्लेटफर्म, अनलाइन सेवा, ई-कमर्स तथा विश्वव्यापी सूचना सञ्जालले आर्थिक तथा सामाजिक अन्तरनिर्भरतालाई नयाँ आयाम प्रदान गरेका छन् ।

नेपालको सन्दर्भमा विश्वव्यापीकरणले संवैधानिक, नीतिगत तथा संस्थागत आधार प्राप्त गरेको छ। नेपालको संविधानको प्रस्तावनाले मूलुकको राष्ट्रियता, स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता तथा राष्ट्रिय हितको संरक्षण गर्दै लोकतन्त्र, मानव अधिकार तथा अन्तर्राष्ट्रिय सहकार्यप्रति प्रतिबद्धता व्यक्त गरेको छ। संविधानको धारा ५० ले सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सहभागितामार्फत आर्थिक विकास, वैदेशिक लगानी आकर्षण तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिएको छ भने धारा ५१ ले वैदेशिक सहायता, वैदेशिक रोजगार, प्रविधि हस्तान्तरण तथा गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने नीति अवलम्बन गरेको छ। धारा ५ मा रहेको राष्ट्रिय हितमा नेपालको स्वतन्त्रता,सार्वभौमसत्ता,भौगोलिक अखण्डता,

राष्ट्रियता,स्वाधिनता,स्वाभिमान,आर्थिक समृद्धि र समुन्नतिमा जोड दिएको छ। भाग ४ को राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व संविधानको धारा ५०(१) मा संघीय एकाइको संचालन सम्बन्धि ब्यवस्था भएकोमा स्थानीय , स्वायत्तता र विकेन्द्रिकरणको आधारमा शासन संचालन गर्ने कुरा उल्लेख गरेको छ। नेपालको संविधानको धारा ५०(२) मा सार्वजनिक, नीजि, सहकारीक्षेत्रको सहभागितामा आर्थिक विकास गर्ने कुरा उल्लेख छ। ५०(३) मा सार्वजनिक,निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन तथा श्रोतको अधिकतम परिचालनद्धारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दीगो आर्थिक विकास हासिल गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित परिचालन मार्फत वितरण गरी आर्थिक असमानता अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्टिय अर्थतन्त्रलाई आत्मनिर्भर,स्वतन्त्र र उन्नतशिल बनाउँदै समाजवाद उन्मख स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने राज्यको आर्थिक उद्धेश्य राखिएको छ। यस्तै धारा ५०(४) मा नेपालको स्वतन्त्रता,सार्वभौमसत्ता,भौगोलिक अखण्डता,स्वाधिनता र राष्टिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तराष्ट्रिय सम्बन्ध कायम गरी विश्व समूदायमा राष्टिय सम्मानको अभिवृद्धि गर्ने तर्फ राज्यको अन्तराष्टिय सम्बन्ध निर्देशित हुने उल्लेख गरिएको छ। अर्थ, उद्योग तथा वाणिज्य नीति (५१ घ १०) मा राष्ट्रिय हित अनुकुल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानी आकर्षित र पूर्वाधार विकासमा प्रोत्साहन तथा परिचालन गर्नेमा जोड दिएको छ। यस्तै धारा ५१ घ ११ मा वैदेशिक सहायता लिँदा राष्टिय आवश्यकता र प्राथमिकताको आधार बनाउँदै यसलाई पारदर्शि बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकमलाई राष्टिय बजेटमा समाहित गर्ने, गैर आवासीय नेपालीको ज्ञान,सीप,पूँजी,प्रविधिलाई राष्टिय विकासमा उपयोग गर्नेमा जोड दिएको छ। ५१ भ(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त ,सुरक्षित र ब्यवस्थित गर्न तथा श्रमीक रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र ब्यवस्थापन गर्ने। भ(६) वैदेशिक रोजगारबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने ५१ञ(१३) स्वस्थ सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद र खेलाडीमा योजनावद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तराष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने ञ(१४) सामूदायिक तथा राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाको लगानी र भूमिकालाई जवाफदेहि र पारदर्शि बनाउँदै त्यस्ता संस्थाहरुको स्थापना, स्विकृति ,संचालन नियमन ब्यबस्थपनका लागि एकद्धार प्रणाली अपनाउने राष्ट्रिय आवश्यकता र प्राथमीकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थालाई सहभागी गराउने ब्यवस्था गरेको छ। संविधानको धारा ५१ ड मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र राष्ट्रहितको रक्षा गर्न क्रियाशिल रहदैँ संयुक्त राष्ट्र संघको वडापत्र, असंलग्नता पन्चशिलको सिद्धान्त अन्तराष्ट्रिय कानून र विश्वब्यापी मान्यताको आधारमा राष्टको सर्वोपरी हितलाई ध्यानमा राखी परराष्ट नीति संचालन गर्ने उल्लेख गरिएको छ। (नेपालको संविधान,२०७२)

औद्योगिक नीति २०६७ मा सरकार,निजी क्षेत्र, सहकारी क्षेत्रको सहभागितामा औद्योगिक विकास र विस्तार गर्ने तथा औद्योगिक विकास, उद्योगमा रोजगारी सिर्जना गर्ने माध्यमबाट गरीवि निवारण गर्ने नीतिगत ब्यवस्था गरिएको छ।खुला उदारवादी अर्थब्यवस्था अवलम्बन गर्दै निजी क्षेत्रको भूमिका रहने गरी औद्योगिक विकासमा प्रतिष्पर्धा गर्ने,उद्योगमा विदेशि लगानी खुला गर्ने कार्यमा जोड दिएको छ। (औद्योगिक नीति २०६७)

विशेष आर्थिक क्षेत्र ऐन २०७३ मा विदेशी मूद्रामा खाता खोल्ने र कारोबार गर्न सक्ने,विशेष आर्थिक क्षेत्रमा लगानी गर्ने विदेशी लगानीकर्ताले विदेशी लगानीकर्ताले विदेशी मूल्यमा रकम फिर्ता लैजान पाउने,करको क्षेत्राधिकार भन्दा फरक ब्यवहार गर्ने,सम्पत्ति राष्टियकरण नहुने,भाडा तथा आयकरमा छुट,भन्सार महसुलमा छुट,मालसामान विक्रि गर्दा निर्यात सरहको सुविधा पाइने उल्लेख छ।

नेपालले सन् १९९० मा ब्यापार उदारिकरण नीति अवलम्बन गरेपछि सबैमा ब्यापार गर्न पाउने अवधारणा अनुसार परम्परागत लाइसेन्स प्रक्रिया खारेजी भए। वाणिज्य नीति २०४९ ले देशगत तथा वस्तुगत विविधिकरणमा जोड दिदैँ ब्यापारबाट रोजगारी सिर्जनामा प्राथमिकता पायो। ब्यापार क्षेत्रमा निजी क्षेत्रको भुमिका बढ्दै विदेशि विनिमय कारोवार गर्ने ब्यवस्था सहित चालूखातालाई पूर्ण परिवर्त्य गरियो। यसबाट अन्तराष्टिय ब्यापार वृद्धि भयो। सम्पन्न मूलुकले फाइदा लिएकोमा कमजोर मूलुक घाटामा गए। सन् २००० मा कूल ग्राहस्थ उत्पादनमा निर्यात हिस्सा १३ प्रतिशत रहेकोमा सन् २०२५ मा करीब ४ प्रतिशतमा सीमित रहन पुग्यो र ब्यापार घाटा चुलिदैँ गयो। आ.व. २०८१।८२ मा ब्यापार घाटा १५२७ अर्ब हुन पुग्यो (आर्थिक सर्वेक्षण २०८१।०८२)।

नेपालले १९९० को दशकपछि आर्थिक उदारीकरण, निजीकरण तथा खुला बजार अर्थतन्त्रको नीति अवलम्बन गरेसँगै विश्व अर्थतन्त्रसँगको एकीकरणलाई तीव्र बनाएको छ। वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औद्योगिक नीति, विशेष आर्थिक क्षेत्र ऐन तथा व्यापार नीतिहरूले विदेशी लगानी आकर्षित गर्ने, निर्यात प्रवर्द्धन गर्ने तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने उद्देश्य राखेका छन्। नेपालले World Trade Organization को सदस्यता प्राप्त गरेपछि विश्व व्यापार प्रणालीमा सक्रिय सहभागिता जनाउँदै आएको छ। तथापि व्यापार उदारीकरणपछि निर्यातको तुलनामा आयात तीव्र रूपमा बढेको छ। उपलब्ध तथ्याङ्कअनुसार नेपालको व्यापार घाटा निरन्तर विस्तार हुँदै गएको छ, जसले विश्वव्यापीकरणबाट प्राप्त अवसरहरूको उपयोग गर्न नसकिएको अवस्थालाई संकेत गर्दछ। (आचार्य, २०२६)

नेपाली अध्ययनहरूले वैदेशिक रोजगार तथा विप्रेषणलाई विश्वव्यापीकरणको प्रमुख उपलब्धिका रूपमा उल्लेख गरेका छन्।( विश्व बैंक २०२४) का अनुसार नेपाल विश्वका उच्च विप्रेषण प्राप्त गर्ने राष्ट्रहरूमध्ये एक हो। विप्रेषणले गरिबी न्यूनीकरण, उपभोग वृद्धि तथा विदेशी मुद्रा सञ्चितिमा योगदान पुऱ्याएको छ। यद्यपि श्रम पलायन, दक्ष जनशक्तिको विदेश निर्गमन तथा उत्पादनमूलक क्षेत्रमा श्रम अभावजस्ता चुनौतीहरू पनि देखा परेका छन्।

पर्यटन क्षेत्रलाई पनि विश्वव्यापीकरणबाट लाभान्वित क्षेत्रका रूपमा हेरिन्छ। खुला आकाश नीति, अन्तर्राष्ट्रिय सम्पर्क विस्तार तथा निजी क्षेत्रको सहभागिताले पर्यटन उद्योगको विस्तारमा योगदान पुऱ्याएको छ। तथापि पर्यटन पूर्वाधार, सेवा गुणस्तर तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताको कमजोरीका कारण नेपालले आफ्नो सम्भावनाअनुसार लाभ प्राप्त गर्न सकेको छैन। त्यसैगरी वैदेशिक सहायता, विकास साझेदारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यले विकास निर्माणमा सहयोग पुऱ्याएको भए पनि सहायता निर्भरता तथा नीतिगत प्रभावसम्बन्धी बहसहरू निरन्तर उठिरहेका छन्।

सामाजिक तथा सांस्कृतिक क्षेत्रमा विश्वव्यापीकरणले शिक्षा, सञ्चार, सूचना प्रविधि तथा अन्तरसांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन गरेको छ। सामाजिक सञ्जाल, इन्टरनेट तथा डिजिटल प्रविधिको विस्तारले

ज्ञान र सूचनामा पहुँच बढाएको छ, तर अर्कोतर्फ विदेशी संस्कृतिको प्रभाव, उपभोक्तावादी प्रवृत्ति तथा स्थानीय भाषा, संस्कृति र परम्परागत मूल्यहरूमाथि बढ्दो दबाबका विषयमा विभिन्न अध्ययनहरूले चिन्ता व्यक्त गरेका छन्।

## अनुसन्धानको रिक्तता

उपलब्ध अन्तर्राष्ट्रिय तथा नेपाली साहित्यले विश्वव्यापीकरणका आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक प्रभावहरूको छुट्टाछुट्टै अध्ययन गरेको पाइन्छ । नेपाली सन्दर्भका अधिकांश अध्ययनहरू वैदेशिक रोजगार, विप्रेषण, व्यापार उदारीकरण वा वैदेशिक लगानीजस्ता सीमित विषयमा केन्द्रित छन् । त्यसैगरी नेपालको संविधान, आर्थिक नीतिहरू, वैदेशिक सहायता, पर्यटन, आर्थिक कूटनीति, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरूमा सहभागिता, डिजिटल विश्वव्यापीकरण तथा कृत्रिम बुद्धिमत्ताजस्ता समकालीन आयामहरूलाई एउटै विश्लेषणात्मक ढाँचाभित्र समेटेर अध्ययन गर्ने प्रयास अपेक्षाकृत न्यून रहेको छ । विशेषतः विश्वव्यापीकरणका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक प्रभावहरूबीचको अन्तरसम्बन्धलाई समग्र रूपमा मूल्याङ्कन गर्ने अनुसन्धानको अभाव देखिन्छ । यही अनुसन्धानात्मक रिक्ततालाई सम्बोधन गर्दै प्रस्तुत अध्ययनले विश्वव्यापीकरणका नवीनतम प्रवृत्ति तथा नेपालमा तिनका बहुआयामिक प्रभावहरूको समग्र विश्लेषण गर्ने प्रयास गरेको छ ।

## तथ्यांकको प्रस्तुतिकरण र विश्लेषण

### विश्वब्यापिकरणको विकासक्रम

**प्रथम चरण :** १९ औं शताब्दिमा यातायात र संचार प्रविधिको विकासले ब्यापारमा विस्तार भयो । suez canal opening पश्चात युरोप र एसियाबिचको ब्यापार तिव्र बन्यो ।

**द्धितिय चरण :** दोश्रो विश्वयुद्ध पश्चात General Agreement on Tariffs and Trade (GATT) मार्फत ब्यापार अवरोध हटाइयो । विश्व ब्यापार संगठनको स्थापना पश्चात विश्वब्यापी ब्यापार संस्थागत बन्यो ।

**नेपालमा विकासक्रम** : सन् १९८७ मा अन्तराष्टिय मुद्रा कोषको कार्यसूचिमा आधारित structural adjustment program नेपालमा लागू भएपछि वाणिज्यबैाकले विदेशी विनिमयमा कारोबार गर्न पाउने, भुक्तानी सन्तुलनमा ब्यापार उदारिकरण नीति अवलम्बन गरेपछि विश्वब्यापिकरणको सूरुवात भएको हो । सन् १९९१ मा उदारवादी राजनीतिक ब्यवस्थासँगै औद्योगिक उदारिकरणलाई आत्मसाथ गरियो । नेपालले विदेशी अर्थतन्त्रमा आत्मसाथ गर्दै विदेशी लगानी खुला गर्दै विदेशी लगानी नीति तथा विदेशी लगानी एवं प्रविधि हस्तान्तरण ऐन जारी गरी विदेशी लगानलिाई औपचारिक रुपमा स्विकार गर्दै अन्तराष्टियस्तरमा पुग्ने अपेक्षा राख्यो । वौद्धिक सम्पत्ति संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइयो ।वौद्धिक सम्पत्तिको ब्यापारलाई विश्व ब्यापार संगठनको नियम अनुसार नियमित गर्ने प्रयास भए । वाणिज्य नीति २०७२ ले सबै किसिमका प्राविधिक अवरोध हटाई आयात निर्यात सहज तुल्याउने नीति अवलम्बन भयो । यसले गर्दा सेवा ब्यापार अचयकक दयबचमभच बनायो । संयुक्त राष्ट संघीय विश्वब्यापी अभियानमा साथ दिदैं विश्वमा शान्ति स्थापना गर्न शान्ति सेना पठाउने पाचौं ठूलो मूलुक

बनेको छ ।यसले केवल विश्वशान्तिमा नेपालको भूमिकामा सीमित नगरी विश्वब्यापी सम्बन्ध स्थापना गर्न सहयोग गरेको छ ।

**विश्वव्यापीकरणका प्रकारहरू**

**आर्थिक विश्वव्यापीकरण** : बहुराष्ट्रिय कम्पनी तथा अन्तर्राष्ट्रिय व्यापार प्रणालीको विकास ।

**वित्तीय विश्वव्यापीकरण** : सीमापार वित्तीय कारोबार तथा विश्वव्यापी वित्तीय प्रणालीको विस्तार ।

**सांस्कृतिक विश्वव्यापीकरण** : भिन्न संस्कृतिहरूको मिश्रण तथा जीवनशैलीको आदानप्रदान ।

**राजनीतिक विश्वव्यापीकरण** : United Nations, World Health Organization जस्ता संस्थाको प्रभाव वृद्धि ।

**सामाजिक विश्वव्यापीकरण** :सूचना तथा मानिसहरूको तीव्र आवागमन र अन्तरसम्बन्ध।

**प्राविधिक विश्वव्यापीकरण** :इन्टरनेट, सामाजिक सञ्जाल र डिजिटल प्रविधिमार्फत विश्व जोडिनु ।

**भौगोलिक विश्वव्यापीकरण** :यातायात र हवाई सेवाको विकासले विश्वलाई सानो बनाउनु ।

**पारिस्थितिक विश्वव्यापीकरण** :जलवायु परिवर्तन, वातावरणीय समस्या तथा पर्यावरणीय सहकार्यको विश्वव्यापी स्वरूप ।

**विश्वब्यापीकरणका पात्र**

**निजी क्षेत्र** : आधुनिक शासन ब्यवस्थामा निजि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ। अर्थिक विकासको नेतृत्व निजीक्षेत्रले गरेको छ। नेपालको अर्थतन्त्रमा करीब ६० प्रतिशत योगदान रहेको छ। संसारमा ८० प्रतिशत भन्दा बढी रोजगारी सिर्जना गर्ने क्षेत्र नीजि क्षेत्र हो। यसले विकासका नविनतम प्रवृत्तिलाई भित्राउने गर्दछ। वित्तिय सेवा , उपभोक्तको रुचि , लगानीको माध्यमबाट उद्योग ब्यापार प्रवर्द्धन गर्दै भौतिक विकासमा योगदान दिएको छ। शासन ब्यवस्थामा उद्योग ब्यवसाय र वहुराष्ट्रिय कम्पनीको भूमिका रहने शासनप्रणाली ब्यवसायिक शासन हो। यिनीहरुको शासनप्रक्रियामा नेतृत्वदायी भूमिका रहन्छ। अन्तराष्ट्रिय मूल्य निर्धारण र मूल्य प्रवाहमा महत्वपूर्ण भूमिका रहेको छ । शेयर वजारमा प्रभाव , गुणस्तरीय साधनमा प्रतिष्पर्धा , बजारले नै मूल्य नियन्त्रण गर्ने गरेर शासनमा प्रभाव पारेका हुन्छन। रोजगारी सिर्जनामा पनि यिनीहरुको महत्वपूर्ण भूमिका रहन्छ। सरकारले कर दर निर्धारण , निश्चित सामग्रीमा कर छुट गराउनमा ब्यवसायीहरुको योगदान रहेको पाइन्छ। सार्वजनिक निकाय तथा निजी क्षेत्रविच लगानी मोडेलमा सहमति नहुनु, करका दर वढी हुनु, एक अर्कोमा विश्वास नहुनु तथा सरकारले निजी क्षेत्रबाट ठूला पूर्वाधारमा अपेक्षा गरेपनि श्रोत अभावले अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन।

**अनौपचारिक क्षेत्र** : राज्यको शासन प्रणलीमा यिनीहरुको प्रतिनिधित्व रहदैंन। संवैधानिक र कानुनी प्रकृयामा सहभागि हुन पाउदैंनन। अघोषित रुपमा विभिन्न समूदाय संस्थाले शासन प्रणालीमा प्रभाव पारेका हुन्छन् । आफ्नो स्वार्थ अनुकूल कार्य गर्न राज्यलाई दवाव दिने गर्दछन। यस्तो शासनको प्रभाव उच्चतहमा बढी हुन्छ। आफुले शासन गरेको नदेखाएपनि शासकीय अंगमा प्रभुत्व जनाएर आफ्नो उद्धेश्य बमोजिम शासन गरेका हुन्छन । यस अन्तरगत निम्न पर्दछन ।

**विदेशी दातृ संस्था** : यस्ता संस्थामा अमेरिकी सहयोग नियोग , जि आइ जेट , युके एड आदि पर्दछन । यी संस्थाले विभिन्न सहयोग गरेर लक्षित समूह क्रियाकलाप गर्ने गरेका हुन्छन । सरकारी वजेट निर्माण आयोजना

छनोटमा यिनीहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ । कतिपय संस्थाले नेपालस्थित गैरसरकारी संस्था मार्फत संघीय संरचनामा वहस चलाएका थिए । नेपाल संघीय लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गर्नुमा यिनीहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । बजेटरी भन्दा गैरबजेटरी क्रियाकलापमा रमाउने गरेकाले श्रोतको दुरुपयोग हुने गरेको छ ।

**अन्तराष्टिय संस्था** : एम्नेस्टी इन्टरनेशनल , आइ सी आर सि , आइ ओ एम जस्ता संस्थाको शासन ब्यवस्थामा महत्वपूर्ण प्रभाव रहेको पाइन्छ । मानवअधिकार संरक्षणको बारेमा, भ्रष्टाचार नियन्त्रणको बारेमा दवाव र सुझाव दिने गर्दछन । यिनीहरुको सुझाव कार्यान्वान गर्नु वाध्यकारी जस्तै हुने गर्दछ । जस्तै FATF को सिफारिस अनुसार नेपाल हाल ग्रे लिस्टमा परेको छ ।

**कुटनैतिक निकाय** : संविधान निर्माण , निर्वाचन , सरकार परिवर्तन लगायतमा कुटनैतिक निकायले चासो राखेको पाइन्छ । विदेश स्थित कुटनैतिक निकायको स्वार्थले नेपाल लगायत विकासोन्मूख मूलुकमा प्रभाव पार्दछ ।कुटनैतिक निकाय मार्फत सार्वजनिक,निजी साझेदारी, अन्तराष्टिय सम्बन्ध, वैदेशिक लगानी, वैदेशिक रोजगारीमा वार्ता सम्झौता तथा विदेशमा रहेका नेपालीको हित संरक्षणमा कार्य गर्ने गरेका छन् ।

**सामाजिक संजाल** : सामाजिक संजालको जालोमा विश्वभरका मानिस जोडिएका छन । निर्वाचन लगायतमा यिनको भूमिका रहेको छ ।सामाजिक संजालमा ब्यक्त धारणा वा संदेशले सामाजिक ब्यवस्थामा प्रभाव पारेको हुन्छ र सरकारका निर्णयपनि परिवर्तन भएका हुन्छन । द्धन्द ब्यवस्थापन र शान्ति प्रक्रियासगैँ नेपाल विश्वब्यापीकरणको उर्वरभूमि , कर्मभूमि , पाठशाला , कार्यशाला भएको छ । तत्कालीन सरकारले २०८२ भाद्रमा सामाजिक संजालमा प्रतिवन्ध लगाउँदा र भ्रष्टाचार विरुद्ध जेनजी पुस्ताले विद्रोह गर्दा सरकार परिवर्तन भएको थियो । विभिन्न मूलुक जस्तै नेपाल, वंगलादेश इण्डोनेशिया लगायतमा जेनजि विद्रोह सँगै हुनुले विश्वब्यापी शासनमा सामाजिक संजालको भूमिका महत्वपूर्ण रहेको पाइन्छ ।

## विश्व ब्यापिकरण र अन्तराष्ट्रिय संगठनको भूमिका

**संयुक्त राष्ट्रसंघ** : विश्व शान्ति सदस्य मुलुकबीच आपसी सम्बन्ध ,स्वाधीनता र न्याय स्थापना गर्ने उद्धेश्यले सन् १९४५ अक्टोबर २४मा संयुक्त राष्ट संघको स्थापना भएको हो । यसका सदस्य मुलुक १९३ रहेका छन । यसको स्थापनाका उद्धेश्य निम्न छन् :

- अन्तराष्ट्रिय शान्ति स्थापना गर्नु,
- संसारका राष्टहरुबीच समान अधिकार एवम् आत्मनिर्णयका आधारमा मैत्रीपूर्ण सम्बन्ध विस्तार गर्नु,
- आर्थिक, सामाजिक, सांस्कृतिक मानबीय सहयोग प्रदान गर्नु,
- मानवअधिकार प्रति सम्मान बढाउँदै जाति ,लिंग , भाषा वा धर्मको भेदभाव नगरी सबैलाई भौतिक स्वतन्त्रता प्रदान गर्नु,

**सिद्धान्त** :

- आन्तरिक मामलामा हस्तक्षेप नगर्ने

- वडापत्र विरुद्ध कार्य गर्ने मुलुकलाई सहयोग नगर्ने
- कुनै राज्यको क्षेत्रिय अखण्डता वा राजनीतिक स्वाधिनता विरुद्ध धम्की दिने र बल प्रयोग गर्ने कार्य नगर्ने
- अन्तराष्ट्रिय विवादको शान्तिपूर्ण समाधान गर्ने
- सबै मुलुकको समान सम्प्रभुता कायम गर्ने
- सबै सदस्य मुलुकले समान आस्था राख्ने र इमान्दारितापूर्वक पालना गर्ने

**कार्यहरु** :

- आर्थिक भौतिक विकासका लागि  धयचमि द्यबलप, IFC, IDA मार्फत सहयोग गर्दछ ।
- सदस्य मुलुकको आर्थिक गतिविधि र अवस्थाको अनुगमन गर्दछ ।
- सदस्य मुलुकको शान्ति भंग हुने वा विवाद भएको अवस्थामा मध्यस्थता गर्ने, वार्ता गराउने र आवश्यक परेमा हस्तक्षेप गर्ने गर्दछ ।
- अन्तराष्टिय सम्झौताको उल्लंघन गरेमा क्ष्ऋव मार्फत दण्डभागी बनाउँछ ।
- विकासोन्मुख मुलुककालागि सामाजिक विकास एजेण्डा तथार गर्दछ ।
- सदस्य राष्टका सरकारलाई शान्ति र विकासका लागि सुझाव र परामर्श दिन्छ ।
- अन्तराष्टिय गैर सरकारी संस्थामार्फत आर्थिक प्राविधिक विकासमा सहयोग पुर्याउँछ ।
- शान्ति स्थापनाको लागि वार्ताको मध्यस्थता गर्ने,संक्रमणकालको ब्यवस्था गर्ने र शान्ती सेना मार्फत विश्व शान्ति स्थापना गर्न सहयोग पुर्याएको छ ।
- विकासोन्मुख मुलुकको आर्थिक, सामाजिक विकासमा सहयोग पुर्याएको छ ।

विभिन्न विशिष्ठिकृत संस्था मार्फत सहयोग गर्दै आएको छ । जस्तै कोभिड १९ को महामारीमा विश्व स्वास्थय संगठन मार्फत प्राविधिक सहयोग उपलब्ध गराउने, भोकमरी, प्राकृतिक विपत्तिमा विश्व खाद्य संगठन मार्फत खाद्यान्न उपलब्ध गराउनु आदि ।

**विमस्टेक** : यसको स्थापना १९९७ जुन ६ मा भएको हो । यो आर्थिक प्रकृतिको संगठन हो । स्थापना कालमा भारत, वंगलादेश, श्रीलंका र थाइल्यान्ड भएकोमा १९९७ डिसेम्बर २२ मा म्यान्मार र २००३ मा नेपाल र मालदिभ्सले सदस्यता पाएसँगै यसका सदस्य मुलुक ७ ओटा रहेका छन । यसको सचिवालय वंगलादेशमा रहेको छ । नेपालले सन् १९९८ देखि २००३ सम्म पर्यवेक्षकको भूमिका खेलेको थियो ।

**उद्धेश्य** :

- सदस्य मूलुकविच विकासका गतिविधि सञ्चालन गर्ने
- प्राविधिक सहयोग आदन प्रदान गरी दक्षता ,कार्यकुशलता बढाउने
- ब्यापार प्रवर्द्धनकालागि नयाँ क्षेत्रको पहिचान गर्ने
- प्रतिष्पर्धात्मक वातावरण सिर्जना गरी लगानी आकर्षण गर्ने
- सुपथ मुल्यमा गुणस्तरीय सामान उत्पादन गर्ने

**सहयोग क्षेत्र**

गरीवि निवारण : नेपाल

उर्जा, कृषि : म्यानमार

भुटान : संस्कृति

श्रीलंका : प्रविधि

थाइल्यान्ड : जनसम्पर्क , जनस्वास्थ्य मत्स्यपालन

वंगलादेश : ब्यापार , जलवायु परिवर्तन , लगानी

भारत : दैवी प्रकोप नियन्त्रण ,यातायात , पर्यटन , संचार , वातावरण तथा प्राकृतिकप्रकोप ब्यवस्थापन , आतंकवाद , लागु औषध कारोबार

नतोकिएको : हिमाली अर्थतन्त्र , सामुन्द्रिक अर्थतन्त्र

विमस्टेक दोश्रो शिखर सम्मेलनबाट पारित विमस्टेक स्वतन्त्र ब्यापार सम्झौता अनुसार नेपाल लगायत अल्पविकसित देशले भन्सार दरलाई ५% सम्म झार्नुपर्नेछ । नेपालले विमस्टेकको सदस्यता लिएदेखि क्षेत्रिय समस्या र समाधानका उपायमा बहस पैरवी गर्ने अवसर पाएको छ ।

**सार्क** : यसको स्थापना सन् १९८५ डिसेम्बर ८मा भएको हो । अवधारणा ल्याउने ब्यक्ति वंगलादेशका पूर्व प्रधानमन्त्रि जियाहुर रहमान ( १९८० मे २ ) हुन । स्थापना कालमा ७ सदस्य मूलुक रहेकोमा सार्कको १३ औँ सम्मेलनको निर्णय अनुसार १४ औँ सम्मेलनमा सन्२००७ अप्रिल ४ मा सदस्यता पाएको हो । यसको सचिवालय नेपालमा रहेको छ । सार्कको कार्यकारी अंग भनेर स्थायी समीतिलाई मानिन्छ ।

**उद्धेश्य**

- दक्षिण एसियाली जनताको कल्याण अभिवृद्धि गर्ने र उनीहरुको जीवनस्तरमा सुधार ल्याउने
- यस क्षेत्रको आर्थिक , सामाजिक तथा ॅसांस्कृतिक विकास द्रुतगत गर्ने
- सवैलाईसम्मान पूर्वक जीवनयापन गर्ने र पूर्ण समभाब्यताको महसुस हुने अवसर प्रदान गर्ने
- दक्षिण एसियालीमुलुक विच सामूहिक आत्मनिर्भरताको सम्वर्द्धन र विकास गर्ने
- पारस्पारिक विश्वास र समझदारी बढाउन योगदान पु¥याउनु तथा त्यसको मूल्यांकन गर्ने
- साझा हितका विषयमा अन्तरार्ष्टिय मन्चमा एक आपसमा सहयोग बढाउनु
- समान लक्ष्य र उद्धेश्य भएका संगठनहरुमा सहयोग कायम गर्ने

**विश्वब्यापिकरणबाट नेपाललाई विभिन्न मूलुकबाट प्राप्त सहयोग**

**चीन**

- पहिलो पञ्चवर्षिय योजनामा ६ करोड
- वीरेन्द्र अन्तरार्ष्टिय सम्मेलन केन्द्र
- भृकुटी कागज कारखाना, बाँसवारी छाला जुत्ता कारखाना
- पृथ्वी राजमार्ग

- भक्तपुर इटा, हरिसिद्धि इटाकारखाना
- सुनकोशी जलविद्युत आयोजना
- राष्टिय सभा गृह , दशरथ रंगशाला
- भरतपुर क्यान्सर अस्पताल , निजामति अस्पताल , विपि स्मृति क्यान्सर अस्पताल
- पोखरा वागलुङ्ग मार्ग
- ट्रलि बस , काठमाडौं भक्तपुर चक्रपथ
- कोदारी राजमार्ग , नारायणगढ मुग्लिन सडक खण्ड , पोखरा वागलुङ्ग सडक खण्ड (शाही,२०२४)

**अमेरिका**

- केन्द्रिय तथ्यांक विभाग
- वालाजु औद्योगिक क्षेत्र
- नेपाल टिम्बर कारखाना
- पोखरा , भैरहवा , विराटनगरको धावनमार्ग विस्तार
- जनक शिक्षा सामग्री केन्द्र , पाठ्यक्रम विकास केन्द्र
- कृषि अनुसन्धान केन्द्र ,रामपुर
- रक्सौल मार्ग
- हेटौंडा भरतपुर सडकखण्ड
- धनगढी डढेलधुरा सडक खण्ड
- नेपाल औद्योगिक विकास निगम

**वेलायत**

- पूर्वपश्चिम राजमार्गको नारायणगढ बुटवल सडक खण्ड
- मदन भण्डारी राजमार्ग ( धरान धनकुटा)
- फर्पिङ्ग जलविद्युत आयोजना
- औषधि अनुसन्धान
- बुढानिलकण्ठ स्कूल
- रेडियो नेपालको क्षमता विस्तार
- सगरमाथा भू उपग्रह
- औलो उन्मूलन कार्यक्रम
- रेशम खेती अनुसन्धान
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- सामूदायिक विकास
- औषधि अनुसन्धान
- हेटौंडा डिजेल प्लान्ट

**भारत**

- त्रिभुवन राजपथ
- वि पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान
- वीर अस्पताल , टमा सेन्टर ,मणिपाल कलेज , गलगाड नियन्त्रण आयोजना ,नेपाल भारत मैत्री आँखा अस्पताल , मनमोहन पोलिक्लिनिक इन्सिच्युट ,कपिलवस्तु पोखरा आँखा अस्पताल केन्द्र ( जैसवाल, २०१६)

**जापान**

- कालीगण्डकी ए जलविद्युत आयोजना , मेलम्ची खानेपानी परियोजना , कुलेखानी जलविद्युत आयो जना ,तनहुँ सेती जलविद्युत आयोजना , विभिन्न खानेपानी परियोजना
- शिक्षण अस्पताल महाराजगन्ज
- रेडियो नेपाल, साभ्का यातायात , वाग्मति पुल , मलेखु पुल , गोगंवु बसपार्क
- भक्तपुर सडक विस्तार , विपी राजमार्गका केहि सडक ,
- माछापालन (वेगनास , कास्की ) , उदयपुर सिमेन्ट कारखाना ( जापानिज राजदुतावास )

**रुस**

- कान्तिवाल अस्पताल
- जनकपुर चुरोट कारखाना
- विरगन्ज चिनी कारखाना
- पनौति जलविद्युत आयोजना
- सिमरा जनकपुर सडक खण्ड
- कृषि औजार कारखाना
- नेपालगन्ज रोजिन एण्ड टर्पेन्टाइन कारखाना

**जर्मनी**

- कला संस्कृति , वातावरण संरक्षण
- कृषि र स्वास्थ्य क्षेत्र
- मध्यमर्स्याङ्गदी जलविद्युत आयोजना

**विश्वब्यापिकरणको सकारात्मक प्रभाव**

सन् १९९० मा करिब ५० प्रतिशतमा रहेको गरीबि हाल २०.३ प्रतिशतमा झरेको छ। यस्तै सोहि समयमा मातृमृत्युदर ५३९/लाख रहेकोमा १५१ मा झरेको छ। महिला साक्षरता २५ प्रतिशतबाट करिब ७० प्रतिशत, वित्तिय पहुँच ६५ प्रतिशत पुगेको छ। यस्तै २० वर्षमा औषत आयु २० वर्षले वृद्धि भएको छ। (सोह्रौं योजना )

वैदेशिक लगाानी तथा वैदेशिक सहायताले राष्टिय गौरवका आयोजना निर्माण भएर उर्जा, पर्यटन,पूर्वाधार क्षेत्रमा विकास भएको छ।

- पर्यटन ब्यवसायको विस्तारले आम्दानी वृद्धि,हवाई सेवा विस्तार, ७७ जिल्लामा सडक संजाल विस्तार भएको छ ।
- विकसित देशमा श्रोत साधन आकर्षण गर्ने शक्ति हुन्छ ।
- वस्तु र सेवामा प्रतिष्पर्धा हुन्छ ।
- सुपथ मूल्यमा गुण्स्तरीय सामानको आपूर्ति हुन्छ ।
- वहुस्तरीय कम्पनीले विभिन्न मूलुकमा शाखा खोलेर आर्थिक कारोबार गर्छन ।
- विकसित मूलुकले श्रोत साधन आकर्षण गर्ने अवसर पाउँछन ।
- साना उद्योग पुँजी र प्रतिष्पर्धाको अभावमा धराशयी हुन्छन ।
- दक्ष जनशक्तिको विकसित मूलुकमा खोजी हुन्छ ।
- विकासोन्मूख मूलुकका श्रमिकले नवऔद्योगिक र विकसित मूलुकमा श्रम गर्न पाउँदा विकासोन्मूख मूलुकमा विप्रेषणको माध्यमबाट आर्थिक आम्दानी हुन्छ ।
- निजिक्षेत्रको लगानी वृद्धि भै गरीवि निवारणमा सहयोग पुर्‍याउँछ ।
- विकासमा प्रतिष्पर्धा बढ्दा श्रोतको परिचालन , रोजगारी र आयमा वृद्धि हुन्छ ।
- स्थानीय उत्पादनले अन्तराष्ट्रिय बजार पाउँछ ।
- वाह्य मूलुकसँग ब्यापार र सम्बन्धले फाइदा लिन सकिन्छ ।
- आफ्नो क्षमताको विकास गर्न नसक्दा निर्यात कम र अत्यधिक आयात भएर अर्थतन्त्र कमजोर हुन्छ ।
- विकसितमूलुकले विकासोन्मूख मूलुकको श्रोत साधन प्रयोग गर्छन ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय अर्थतन्त्रको एकीकरण हुन्छ ।
- व्यापार अवरोध र भन्सार शुल्क हटाएर सस्तो सामान प्राप्ती हुन्छ ।
- वैदेशिक लगानी र प्रविधिको प्रवेश भै गरीवि निवारण तथा रोजगारी सिर्जना हुन्छ ।
- सूचना तथा प्रविधिको तीव्र विकास भै मूलुकमा नवप्रवर्तन हुन्छ ।
- निजीकरण र उदारीकरण मार्फत वस्तु र सेवामा प्रतिस्पर्धा हुन्छ ।
- मानवअधिकार, लैङ्गिक समानता, जलवायु परिवर्तन जस्ता विश्वव्यापी आन्दोलन मार्फत नागरिक हित संरक्षण हुन्छ ।
- अन्तराष्ट्रिय सम्बन्ध सुदृढ : अन्य राष्ट्रसँग व्यापार तथा सांस्कृतिक सम्बन्ध विस्तार भएको छ ।
- बजार विस्तार :नेपालका उत्पादनले अन्तर्राष्ट्रिय बजार पाउन थालेका छन् ।
- प्रविधि हस्तान्तरण : आधुनिक प्रविधि नेपालमा भित्रिएको छ ।
- विश्वव्यापी मुद्दामा आवाज : मानवअधिकार, वातावरण, जलवायु परिवर्तन जस्ता विषयमा नेपालले अन्तर्राष्ट्रिय सहभागिता बढाएको छ ।
- रोजगारीका अवसर : वैदेशिक रोजगारी तथा निजी क्षेत्र विस्तार भएको छ ।
- वस्तु तथा सेवामा पहुँच : विविध गुणस्तरीय वस्तु तथा सेवा सुलभ भएका छन् ।

- सामाजिक-सांस्कृतिक परिवर्तन : विभिन्न संस्कृति र परम्पराको आदानप्रदान बढेको छ।
- जनसहभागिता : भ्रष्टाचार, अन्याय र असमानताविरुद्ध जनचेतना बढेको छ।
- गुणस्तरीय उत्पादन : अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका कारण उत्पादनको गुणस्तर सुधार भएको छ।
- सहकार्य र साझेदारी : अन्तर्राष्ट्रिय साझेदारी र ज्ञान आदानप्रदान बढेको छ।

**विश्वब्यापिकरणका चूनौति**

**राष्ट्रिय सार्वभौमिकतामा असर :** बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव बढेको छ। अन्तराष्ट्रिय संगठन मूलुक भन्दा शक्तिशाली हुँदा भूराजनीतिमा नकारात्मक असर परेको छ।

आय असमानता : धनी र गरिबबीचको दूरी अझ बढेको छ। विश्वको औषत गरीबि १० प्रतिशत रहँदा नेपालको २० प्रतिशत रहेको छ। (ज्ञवाली, २०८२) हाल विश्वका १ प्रतिशत धनाढ्यसँग ९९ प्रतिशत सम्पत्ति रहेको छ। नेपालको कूल १० प्रतिशत धनि ब्यक्तिको आय ४०प्रतिशत गरीब नेपालीको आय भन्दा तीन गुणा रहेको छ। (रोकाय, २०७६)

**विकसित र विकासोन्मुख राष्ट्रबीच दूरी :** नेपालजस्ता राष्ट्रहरू प्रतिस्पर्धामा कमजोर बनेका छन्। रोजगारी, लगानी तथा सहायतामा विकसित मूलुकमा निर्भर रहनुपरेको छ।

मस्तिष्क पलायन (Brain Drain) : डाक्टर, इन्जिनियर लगायत दक्ष जनशक्ति विदेश पलायन भएका छन्। छात्रवृत्तिमा अध्ययन गर्न विदेश गएकालाई स्वदेश फर्काउन सकिएको छैन।

**राजनीतिक हस्तक्षेप :** शक्तिशाली राष्ट्रहरूको प्रभाव आन्तरिक राजनीतिमा देखिन थालेको छ।

बहुराष्ट्रिय कम्पनीहरूको प्रभुत्व : नाफा विदेश फर्किने भएकाले स्थानीय अर्थतन्त्र कमजोर हुन सक्छ। विप्रेषणबाट नेपालले करीब २८ प्रतिशत प्राप्त गरेपनि पूँजी निर्माणमा ३ प्रतिशत मात्र प्रयोग हुने गरेको छ।

**रोजगारी विस्थापन :** स्वचालन र आयात प्रतिस्पर्धाले स्थानीय उद्योगमा असर पारेको छ।

**आन्तरिक श्रोतको अभाव :** राजस्वले चालू खर्च नधान्ने र निजी र वैदेशिक लगानी आकर्षित गर्न नसक्दा दीगो विकास लक्ष्य हासिल गर्न वार्षिक रुपमा थप ७५५ अर्ब लागत लाग्ने भएकाले श्रोत परिचालन गर्न कठिनाई हुने देखिन्छ।

डिभि,पिआरको प्रावधानले दक्ष जनशक्तिको पलायन भएको छ भने छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सक तथा इन्जिनियर समेत स्वदेशमा फर्केर नआउने विकृति रहेको छ।

**विश्वब्यापीकरण र क्षेत्रगत रुपान नेपालमा प्रभाव विश्लेषण**

**वैदेशिक सहायता** : नेपालको करिब १९ खरबको बजेटमा राजस्वको योदान करीब १० खर्व रहँदा चालूखर्च धान्न समस्या भएको एवं आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माण गर्नुपर्ने र सन् २०३० सम्म दीगो विकास लक्ष्य हासिल गर्नुपर्ने भएको वैदेशिक सहायता जरुरी देखिन्छ।आ.व. २०८२।८३ को बजेटमा वैदेशिक ऋण २३३ अर्व र अनुदान ५३ अर्व गरी कूल रु २८७ अर्व प्रस्ताव गरिएको छ। नेपालको कूल बजेटमा वैदेशिक सहायताको

योगदान करीब १५ प्रतिशत रहेको छ । हाल कार्यान्वायनमा आएको मध्यमकालीन खर्च संरचनामा वैदेशिक सहायताको हिस्सा १५ प्रतिशत रहेको छ। सोह्रौं योजनामा करीब रु.१७५२ अर्व वैदेशिक सहायता परिचालन गर्ने लक्ष्य राखिएको छ । बहुपक्षिय तथा द्धिपक्षिय सहयोगबाट राजमार्ग निर्माण, उर्जा उत्पादन, संचार,ठूला पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, लैंगिक समावेशिकरणका माध्यमबाट मानव विकास सुचांकमा योगदान दिन महत्वपूर्ण योगदान दिएको छ। नेपालमा सहकारी क्षेत्र समस्याग्रस्त रहेको, निजी क्षेत्रको आर्थिक, प्राविधिक क्षमता अभाव रहँदा विश्वब्यापिकरणमा वैदेशिक सहायता जरुरी देखिएको छ।

नेपालले भुक्तानी गर्न बाँकी वैदेशिक ऋण करीब रु. १५ खर्व रहेको छ । सहायता परिचालनमा बजेटको माध्यमबाट ८० प्रतिशत तथा गैरबजेटरी २० आउने गरेकोमा ऋण करिब ८० प्रतिशत तथा अनुदान करिब २० प्रतिशत रहेको छ। नेपालमा गरीबि तथा बेरोजगारी घटाउन वैदेशिक सहायता परिचालन भएपनि अपेक्षित नतिजा निकाल्न सकिएको छैन । वैदेशिक सहायताबाट प्राप्त रकम प्रयोग गर्ने क्षमता कमजोर रहेको छ । तलब, भत्ता, उपकरण तथा प्राविधिक सहायतामा करीब ८० प्रतिशत खर्च हुने गरेको छ। वैदेशिक ऋण सहुलियतपूर्ण रहेको (करीब ३० वर्षको वार्षिक १ प्रतिशत भन्दा कम ब्याजदर) भएतापनि नेपाली मूद्राको मूल्यमा अमेरिकन डलरको तुलनामा उच्च गिरावट( वि.सं २०४९ मा अमेरिकन डलर १ को खरिद दर ४९ भएकोमा हाल १५० भन्दा बढी हुँदा ) ऋण तथा ब्याज भुक्तानीमा समस्या हुने गरेको छ ।( अर्थमन्त्रालय स्वेतपत्र,२०८२)

**वैदेशिक रोजगारी** : नेपालको श्रम बजारमा करीब ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् । ६१ लाख भन्दा बढी जनशक्तिले श्रम स्विकृति लिएका छन् ।सामाजिक सुरक्षा कार्यक्रम, आन्तरिक रोजगार तथा स्वरोजगारका कार्यक्रम प्रतिफल योग्य बन्न सकेका छैनन । बेरोजगार जनसंख्या १२.६ प्रतिशत,निरपेक्ष गरीबि २०.३ रहेको सन्दर्भमा यी समस्या सम्बोधन गर्न वैदेशिक रोजगारी अपरिहार्य बनेको छ। विश्वब्यापिकरणका प्रभावको विश्लेषण गर्दै गरीबि घटाउन यसले योगदान गरेको छ। आ.व. २०८१।८२ मा कूल ग्राहस्थ उत्पादनको २८ प्रतिशत अर्थात १७२३ अर्व विप्रेषण प्राप्त भएको छ। नेपालको करीब ७६ प्रतिशत घरपरिवारमा विप्रेषण भित्रिएको छ। चालू आ.व. मा विप्रेषण ३९.१ प्रतिशतले वृद्धि भएकाले वैदेशिक रोजगारीमा विश्वब्यापिकरणको महत्वपूर्ण योगदान रहेको पाइन्छ।

**पर्यटन क्षेत्र** : नेपालले खुला उदारवादी नीति अबलम्बन गरेपछि पर्यटन क्षेत्रमा निजि क्षेत्रको भूमिका बढेको छ। खुला आकाश नीतिले विदेशी लगानी आकर्षित भएको छ। खुला उदारवादी नीतिकै कारण होटेल ,रेष्टुरेन्ट र पर्यटन सम्बद्ध उद्योगहरुको विकास भएको छ। नेपाललाई प्रमुख पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न खोजिएको छ। पर्यटन क्षेत्रका माध्यमबाट रोजगारी ग्रामीण स्तर सम्म लिन विभिन्न कार्यक्रमको सुरुवात गरिएको छ । यसको माध्यमबाट राष्ट्रिय आयमा वृद्धि गर्दै जीवनस्तरमा सुधार हुँदै गएको छ। पर्यटक प्रवर्द्धन मार्फत गरीवि निवारण गर्न अर्थतन्त्रको बलियो आधारको रुपमा विकास गरिँदै छ । पर्यटकीय पूर्वाधार विकासमा सार्वजनिक ,निजी क्षेत्रले साझेदारी गरिरहेका छन् । पर्यटकको वृद्धि सँगै हस्तकलाका वस्तुहरु , घरेलु वस्तुको विक्रिमा सहयोग पुगेको छ। पर्यटन क्षेत्रको विस्तारले हवाई सेवाको विस्तार हुँदा विदेशी मुद्राको आर्जन भएको छ।जसले गर्दा अर्थतन्त्र मजबुत बनाउन सहयोग गरेको छ।

**वैदेशिक लगानी** : विश्वब्यापिकरणसँगै विश्व ब्यापार संगठनको आगमनले विभिन्न मूलुक विच ब्यापारिक सम्बन्ध विस्तार भएको छ। भन्सार दरमा कटौति भएको छ। विभिन्न कम्पनीले वैदेशिक लगानी गरेका छन। विदेशी वैंकले समेत लगानी र कारोवार गर्न थालेका छन । लगानी एउटा देशमा मात्र कैद हुने नभई विभिन्न मूलुकमा लगानी भएको छ। लगानी र ब्यापारको विस्तारसँगै पर युनिट खर्च समेत घटेको छ। कुनैपनि देशको मागलाई मात्र हेरेर लगानी र उत्पादन नगरी विश्वब्यापी आवश्यकता सम्बोधन गरी वस्तु र सेवामा लगानी गरिन्छ। २०८२ असार सम्म ३४० अर्व लगानी भित्रिएको छ भने चालू आ.व. को ८ महिनामा १० अर्बको वैदेशिक लगानी प्रतिवद्धता भएको छ। श्रोतको अभाव पूर्ति गर्न वैदेशिक लगानी कोषेढुँगा बनेको छ।

**उपभोग** : विश्वब्यापिकरण सँगै उपभोगमा वृद्धि भएको छ । एउटा ठाउँमा उत्पादन भएको सामग्री यथाशिघ्र अर्को मूलुकमा पुग्छ । पहिले सिन्की , भात खाने ठाउँमा पिज्जा वर्गरको स्वाद आवश्यक पर्दछ । पैदल हिड्ने ठाउँमा कारको माग भएको छ। यी मानिसका आवश्यकता पूर्ति गर्न विश्वब्यापिकरणले प्रभाव पारेको छ। नेपालमा करिब ६२ प्रतिशत जनसंख्या कृषि पेसामा आवद्ध भएपनि ४५ प्रतिशतलाई मात्र वर्षैभरी पुग्ने खाद्यान्न उपलब्ध हुने र करिब ३ अरबको खाद्यान्न आयात हुँदा खाद्यान्नमा परनिर्भरता बढेको छ।

**सामाजिक सांस्कृतिक प्रभाव** : विश्वब्यापिकरणको प्रभावले भाषा, धर्म रितिरिवाजमा समेत प्रभाव पारेको छ । विगतमा एउटा ठाउँमा एउटा जातिका मानिस बसोवास गरेकोमा सवै जात धर्म मान्ने मानिस बसेको पाइन्छ। काठमाडौं नेवार जातिको वाहुल्यता भएकोमा गैर नेवारको संख्या बढिरहेको छ। कृष्चियन धर्मको प्रभाव बढेको छ । विगतमा मागी विहे हुने गरेकोमा प्रेम विवाहको वाहुल्यता पाउन सकिन्छ । वैदेशिक रोजगार तथा आन्तरिक रोजगारीले सामाजिक सांस्कृतिक रुपमा विचलन ल्याएको छ। गाउँमा मानिस मर्दा मलामी समेत नपाउने अवस्था सिर्जना भएको छ।

**विद्युतीय शासन** : विश्वब्यापीकरणसँगै विभिन्न विद्युतीय माध्यमका सहायताले सम्बन्ध नजिकिएको छ । विश्वमा पेपरलेस शासनको अवधारणा लागु भएको छ। विद्युतीय माध्यमबाट सार्वजनिक सेवा प्रवाह भै सेवामा सरल तथा छिटो तथा सहज भएको छ। विश्वमा विकसित नविनतम अवधारणा नयाँ सार्वजनिक ब्यवस्थापन, नयाँ सार्वजनिक सेवाको सुरुवात भै सेवा प्रतिस्पर्धि बनेको छ। एउटा मूलुकको उत्पादन सेवा सुविधा बारे जानकारी दिइन्छ। एउटा मूलुकमा भएको अन्वेषण तुरुन्तै विश्वभर फैलिएको छ। कम्प्युटरका डिभाइसका माध्यममा सेवा भएको छ। विभिन्न कुटनैतिक नियोग प्रतिनिधिको जुम वैठक भएको छ। यति हुँदाहुदैपनि विश्वब्यापीकरणसँगै संगठित अपराध फैलिएको पाइन्छ।

**मानव वेचविखन** : आर्थिक वा कुनै स्वार्थको लागि जीवनलाई निजको इच्छा बेगर प्रयोग गर्नु वा गलत आश्वासन वा प्रलोभनमा पार्दै कुनै रोजगारमा लगाउनु वा एक स्थानबाट अर्को स्थानमा पुर्‍याउनुलाई मानव बेचविखन भनिन्छ । विश्व ब्यापिकरणको विकृत स्वरुपमा मानव बेचविखन फैलिएको छ । विदेशमा रोजगार दिने आश्वासनमा पारेर वा विभिन्न प्रलोभनमा पारेर मानव बेचबिखन भएको पाइन्छ। एक किसिमको तलब सुबिधा दिने भनि विदेशमा पठाएर अर्को किसिमको सुविधा दिने जोखिम युक्त काममा लगाउने गरेको पाइन्छ। विभिन्न आश्वासन दिएर महिलालाई विदेशमा पुर्‍याएर यौन शोषण गर्ने वा यौनजन्य कृयाकलापमा लाग्न बाध्य पारेको पाउन सकिन्छ । विभिन्न मानव शरिर जस्तै मृगौला ब्यापार गरेको पनि दिनदिनै समाचारमा सुन्न

पाइन्छ। विश्वब्यापिकरणसँगै मानव वेचविखनका विभिन्न स्वरुप जस्तै बाँधा बनाउने , जवरजस्ती श्रम ,बालश्रम ,यौन शोषण , चेलीबेटी बेचबिखन , देह ब्यापार , मानव तस्करी ,अपरहण गरी फिरौति लिने जस्ता क्रियाकलाप फैलिएका छन । यो विश्वब्यापिकरणले निम्त्याएको जटिल समस्याको रुपमा विश्लेषण गर्न सकिन्छ । यस्ता क्रियाकलापमा वैदेशिक रोजगार , गरीबिले मलजल पुर्‍याएको छ। ९ब्मजष्बचष् द्ण्ठड०

**एकाधिकार** : विश्वब्यापिकरणले प्रतिष्पर्धामा जोड दिएको भएतापनि विश्व ब्यापिकरण र उदारिकरण विरोधि एकाधिकार विश्वब्यापिकरणसँगै मौलाएको पाइन्छ । यो संगठित अपराधको स्वरुपको रुपमा लिन सकिन्छ । एकाधिकारमा वस्तु र सेवामाथिको वितरण एकजना ब्यक्ति वा संस्थामा सीमित भएको पाउन सकिन्छ । उत्पादन वितरण र मूल्य निर्धारण समेत सोहि संस्थाले गर्नेगरेको पाउन सकिन्छ । एकाधिकारको विकसित स्वरुपमा मिलेमतो मौलाइरहेको पाइन्छ। मिलेमतोमा कालाबजारी र भ्रष्टाचार भएको पाइन्छ। विभिन्न एसोसियसनले राम्रो सेवा दिन प्रतिष्पर्धा नगरी मोटो रकम असुल्न एक जुट भएको पाइन्छ । जस्तै : पुस्तक ब्यवसायीहरु पुस्तकमा छुट नदिन एकजुट हुने , सुन ब्यवसायीहरु सुनको मूल्य घटेको बेलामा विक्रि नगर्ने आदि। उपभोक्ताको छनोटको अधिकार समाप्त पार्न एकजुट भएर उदारिकरणको धज्जी उडाएका छन् ।

**आतंकवाद**: मानिसलाई डर ,धम्कि जस्ता गतिविधिले जनतालाई आतंकित पार्ने र राज्यलाई क्षति पुर्‍याउने गतिविधिलाई आतंकवाद भनिन्छ। विभिन्न मूलुकमा आतंकवादी संस्था रहेको र यिनीहरुको विश्वब्यापी संजाल रहेको पाउन सकिन्छ। निहित ब्यापारिक , राजनीतिक , आर्थिक स्वार्थकालागि संगठित रुपमा आतंकवादीहरु लागेको पाउन सकिन्छ। यिनीहरु मूलतः भूमिगत रुपमा कार्य गरिरहेका हुन्छन। जसले राज्यको सुरक्षामा चुनौति सिर्जना निम्त्याएका छन । जसले समाजमा आर्थिक , सामाजिक, वित्तिय, धार्मीक समस्या पैदा गरेका छन। मूलुकको साइबर सुरक्षामा चुनौति थपेका छन। सम्पत्ति शुद्धिकरणकोलागि आतंकबादमा लगानी आजको मूख्य समस्या बनेको छ।

**सम्पत्ति शुद्धिकरण** : अवैध रकमलाई वैध बनाउने वा कालो धनलाई सेतो बनाउने प्रकृयालाई सम्पत्ति शुद्धिकरण भनिन्छ। अर्को नाम मुद्रा शुद्धिकरणले पनि चिनिन्छ। विश्वब्यापिकरणसँगै विदेशी बैंकमा रकम जम्मा गर्न तथा विदेशमा लगानी गर्न सकिने ब्यवस्था छ। विदेशमा लगानी गरेर वा विदेशी विभिन्न बैंकमा सानो सानो बनाई टुक्रा टुक्रा रकम जम्मा गर्ने एवं एउटा स्थानबाट प्राप्त रकम अर्को क्षेत्रबाट प्राप्त भएको देखाएर सम्पत्ति शुद्धिकरण गरेको पाइन्छ। यसले गर्दा भ्रष्टाचारको आरोपबाट छुटकारा पाउन सहज बनेको छ। यो विश्वब्यापारिकरणको कमजोरीको रुपमा लिन सकिन्छ। नेपालमा सम्पत्ति शुद्धिकरणका घटना बढ्दै जाँदा र भ्रष्टाचार नियन्त्रणका कानून तथा अन्तराष्ट्रिय प्रतिवद्धता पालना गर्न नसक्दा ग्रे लिस्टमा परेको तथा ब्ल्याक लिस्टमा जाने खतरामा छ।

**कार्वन ब्यापार र नेपाल** : विश्वब्यापिकरणसगैं उद्योग कलकारखानाको संख्यामा भारी वृद्धि भएको छ । विभिन्न सवारी साधन र उद्योगबाट कार्बनको अत्यधिक मात्रामा वृद्धि हुँदै गएको पाइन्छ। जसको कारण ओजन तहमा प्रभाव परेको छ। विभिन्न धुलो धुँवाको कारण बायुमण्डलमा तह निर्माण हुँदा सुर्यबाट पृथ्वीमा ताप आउने फर्केर नजादा पृथ्वीको तापक्रम वर्षेनी बढ्दो क्रममा रहेको छ। यसको फलस्वरुप हिमालहरु नांगा डाँडामा परिवर्तन हुने , शित क्षेत्रका जीव शितोष्ण क्षेत्रमा परिणत हुने , विभिन्न जनावरहरु लोपोन्मूख अवस्थामा पुग्न सक्ने , टापु

मुलुक डुवानको खतरामा पुग्ने र मानव अस्तित्व समेत संकटमा पर्ने खतरामा हुन्छ । यसबाट जुध्न जापानको क्वोटो सम्मेलनमा कार्बन ब्यापार सम्झौता भएको हो ।

कार्वन उत्सर्जनका निम्ति कोटा ब्यापार नै कार्वन ब्यापार हो । बढी कार्वन उत्सर्जन गर्ने मुलुकले कम कार्बन उत्सर्जन गर्ने मुलुकको कोटा खरिद गरी कार्बन ब्यापार गर्न पाउनु नै कार्बन ब्यापार हो । यसको अबधारणा सन् १९६० मा सिकागो विश्वविद्यालयकका अर्थशास्त्री रोनाल्ड कोएसले ल्याएका हुन । यो अबधारण सन् १९९७ मा भएको क्योटो प्रोटोकलले पारित गरेपछि सँस्थागत भएको छ । सन् २१०० सम्म विश्वको तापमान १.५ देखि ५.९ सम्म बढ्न सक्ने हुदाँ यसको उत्सर्जनमा कमी ल्याउनु जरुरी छ । कार्बन ब्यापारको अबधारणाले कार्बन ब्यापारको नाममा विकसीत मुलुकको हालीमुहाली कायम रहने र आर्थिक रुपले सक्षम मुलुककालागि प्रोटोकलकको सिमाको अर्थ रहदैन । यो कार्बनको कोटा ब्यापारको नाममा आर्थिक रुपमा सम्पन्न औद्योगिक मुलुकको हालीमुहाली गर्ने माध्यम भएको छ ।

**जलवायु परिवर्तन** : ठूला तथा औद्योगिक राष्टको हरितगृह ग्याँस उत्सर्जनका कारण जलवायु परिवर्तन चूनौतिको विषय बनेको छ । विश्वको ०.०३ प्रतिशत जनसंख्या, वनक्षेत्रले ओगटेको स्थान ४६ प्रतिशत रहदा समेत विश्वब्यापी तापमान वृद्धिको असर भोगेको छ । नयाँ विषयवस्तुसँगै कार्यान्वायन चूनौति सम्बोधन न्याय सहित कोपका विभिन्न सम्मेलनमा सामाजिक न्याय कायम गर्न जोड दिइएको छ । जस अन्तरगत कोप २१ को पेरिस सम्झौतामा विश्वको तापक्रम वृद्धि २ डिग्री सेल्सियस भन्दा कम र १.५ डिग्री सेल्सियमा सीमित राख्ने लक्ष्य राखिएको थियो । यस्तै कोप २६ र २७ मा विकासत देशहरुले विकासशिल देशहरुलाई १०० अर्व डलर वार्षिक जलवायुवित्त उपलब्ध गराउने प्रतिवद्धता ब्यक्त गरे । कोप २८ मा भएको क्षतिपूर्ति कोषको स्थापनालाई औपचारिकता दियो । यसलाई जलवायु न्यायको दिशामा महत्वपूर्ण कदम मानिएको छ । कोषको घोषणासँगै यु.ए.इ.,जर्मनी लगायत देशले तत्कालै ७९२ मिलियन डलर जम्मा गर्ने प्रतिवद्धता जनाएका थिए । यस्तै कोप २९ ले क्षतिपूर्ति कोषलाई कार्यान्वायनमा लैजानुपर्ने जस्ता महत्वपूर्ण विषयका निर्णयका साथै कोप ३० मा जलवायु सहनशिलता,स्वच्छ उर्जा र जलवायु रुपान्तरणमा जोड दिएको छ । ( सगरमाथा संवाद, २०२५)

## सुझाव तथा निष्कर्ष

### सुझाव

### सरकारका लागि सुझाव

- व्यापार घाटा न्यूनीकरण गर्न निर्यातमुखी उद्योग तथा उत्पादनमूलक क्षेत्रलाई विशेष प्रोत्साहन प्रदान गर्नुपर्छ ।
- वैदेशिक लगानी आकर्षित गर्ने क्रममा राष्ट्रिय हित, प्रविधि हस्तान्तरण तथा रोजगारी सिर्जनालाई प्राथमिकता दिनुपर्छ ।
- विप्रेषणलाई उपभोगमुखी क्षेत्रभन्दा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।
- श्रम पलायन न्यूनीकरण गर्न स्वदेशमै सम्मानजनक रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

- सूचना तथा सञ्चार प्रविधिको विकासमार्फत डिजिटल अर्थतन्त्रलाई सुदृढ बनाउन आवश्यक पूर्वाधार विस्तार गर्नुपर्छ ।
- भूमण्डलीकरणका कारण उत्पन्न सांस्कृतिक चुनौतीहरूलाई ध्यानमा राखी स्थानीय भाषा, कला, संस्कृति तथा मौलिक पहिचान संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरूमा नेपालको सक्रिय सहभागिता बढाई आर्थिक कूटनीतिलाई सुदृढ बनाउनुपर्छ ।
- वैदेशिक सहायता तथा ऋणको प्रभावकारी परिचालन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिनुपर्छ ।
- तुलनात्मक लाभ र प्रतिष्पर्धात्मक क्षेत्र (पर्यटन, विद्युत, जडीबुटी, नगदेवालीमा) लगानी वृद्धि गर्नुपर्दछ ।
- सक्षम मानव श्रोतलाई आकर्षण गरी उपयोग गर्न मानव पूँजी व्यवस्थापनमा जोड दिन सक्नुपर्दछ ।
- हवाई सेवालाई सुरक्षित तथा विश्वासिलो बनाउँदै, होटेल, सफ्टवेयर आदिका माध्यमबाट आर्थिक लाभ लिन सकिन्छ ।
- मानव श्रोत, साधन, सीपको विकास गर्नुपर्दछ ।
- उत्पादित वस्तु र सेवाको गुणस्तर वृद्धि गरिनुपर्दछ ।
- विकसित मूलुकसँग ब्यापारिक सम्बन्ध राखिनुपर्दछ ।
- कार्बन ब्यापारबाट प्राप्त रकम वातावरण संरक्षणमा खर्चिनुपर्दछ ।
- वैदेशिक सहयोग स्विकार गर्दा दाताको शर्त र स्वार्थ भन्दा नेपालको आवश्यकतालाई जोड दिनुपर्छ
- वैदेशिक सहयोग भन्दा वैदेशिक लगानीमा जोड दिनुपर्छ ।
- विश्व ब्यापिकरणले निम्त्याएका समस्या कुटनैतिक माध्यमबाट समाधान गर्नुपर्दछ ।
- आर्थिक कुटनीतिमा जोड दिनुपर्छ ।
- नेपालको उत्पादन विश्व प्रतिष्पर्धा गर्ने बनाउनुपर्छ
- बहुराष्टिय कम्पनी दर्ता गर्दा विदेश निर्यातमूलक उद्योगलाई प्राथमीकता दिनुपर्छ ।
- आन्तरिक उत्पादनलाई प्रवर्द्धन गर्नुपर्दछ ।

**निजी क्षेत्रका लागि सुझाव**

- अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न उत्पादनको गुणस्तर, नवप्रवर्तन तथा उत्पादकत्व वृद्धि गर्नुपर्छ।
- आधुनिक प्रविधि तथा डिजिटल प्लेटफर्मको प्रयोग गरी व्यवसाय विस्तार गर्नुपर्छ ।
- विदेशी लगानीकर्ता तथा अन्तर्राष्ट्रिय कम्पनीहरूसँग सहकार्य गरी प्रविधि तथा व्यवस्थापकीय सीप हस्तान्तरणलाई प्राथमिकता दिनुपर्छ ।
- कृषि, पर्यटन, जलविद्युत् तथा सूचना प्रविधिजस्ता सम्भावनायुक्त क्षेत्रमा लगानी विस्तार गर्नुपर्छ ।
- अनुसन्धान तथा विकास  मा लगानी बढाई नयाँ उत्पादन तथा सेवा विकास गर्नुपर्छ ।

- सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायको विकास तथा वातावरण संरक्षणमा योगदान पुऱ्याउनुपर्छ ।
- वैदेशिक रोजगारीबाट फर्किएका दक्ष जनशक्तिको सीप र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा उपयो ग गर्नुपर्छ ।

**शैक्षिक तथा अनुसन्धान संस्थाका लागि सुझाव**

- विश्वब्यापीकरण, आर्थिक कूटनीति, अन्तर्राष्ट्रिय व्यापार तथा डिजिटल अर्थतन्त्रसँग सम्बन्धित पाठ् यक्रमहरूलाई समयानुकूल परिमार्जन गर्नुपर्छ ।
- अनुसन्धान संस्कृति प्रवर्द्धन गरी राष्ट्रिय विकाससँग सम्बन्धित नीतिमूलक अध्ययनहरूलाई प्राथमिकता दिनुपर्छ ।
- विश्वविद्यालय, अनुसन्धान संस्था तथा निजी क्षेत्रबीच सहकार्य बढाई ज्ञान र प्रविधिको हस्तान्तरण गर्नुपर्छ ।
- विद्यार्थीहरूमा नवप्रवर्तन, उद्यमशीलता तथा डिजिटल सीप विकासमा केन्द्रित कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- अन्तर्राष्ट्रिय शैक्षिक तथा अनुसन्धान संस्थाहरूसँग सहकार्य विस्तार गरी विश्वस्तरीय ज्ञान तथा अनुभव आदानप्रदान गर्नुपर्छ ।
- स्थानीय ज्ञान, संस्कृति तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनसम्बन्धी अध्ययनलाई प्रोत्साहन गर्नुपर्छ ।
- श्रम बजारको आवश्यकता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षालाई सुदृढ बनाउनुपर्छ।

## ३.२ निष्कर्ष

यस अध्ययनले विश्वब्यापिकरणलाई समकालीन विश्व व्यवस्थाको एक बहुआयामिक प्रक्रियाका रूपमा विश्लेषण गर्दै नेपालमा यसको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक तथा प्राविधिक प्रभावहरूको मूल्याङ्कन गरेको छ । अध्ययनबाट प्राप्त प्रमुख निष्कर्षहरूले आर्थिक उदारीकरणपछि नेपाल विश्व अर्थतन्त्रसँग अझ बढी आबद्ध भएको, वैदेशिक लगानी, पर्यटन, विप्रेषण, सूचना प्रविधि तथा अन्तर्राष्ट्रिय सहकार्यका अवसरहरू विस्तार भएको छ । यसले शिक्षा, सञ्चार, ज्ञान आदानप्रदान तथा अन्तर्राष्ट्रिय सम्बन्धलाई सुदृढ बनाउँदै विकासका नयाँ सम्भावनाहरू सिर्जना गरेको छ । तथापि बढ्दो व्यापार घाटा, आयातमा अत्यधिक निर्भरता, घरेलु उद्योगहरूको कमजोर प्रतिस्पर्धात्मकता, श्रम पलायन, सामाजिक असन्तुलन तथा सांस्कृतिक पहिचानमाथिको दबाबजस्ता चुनौतीहरू पनि उत्तिकै महत्वपूर्ण रूपमा देखिएका छन् ।

अध्ययनको निष्कर्ष अनुसार भूमण्डलीकरण आफैंमा न पूर्ण अवसर हो न पूर्ण चुनौती । यसको प्रभाव राष्ट्रको नीतिगत क्षमता, संस्थागत सुदृढता तथा उपलब्ध अवसरहरूको उपयोग गर्ने दक्षतामा निर्भर रहन्छ । त्यसैले नेपालले उत्पादनमूलक क्षेत्रको विकास, निर्यात प्रवर्द्धन, मानव पूँजी निर्माण, प्रविधि हस्तान्तरण तथा प्रभावकारी आर्थिक कूटनीतिमार्फत भूमण्डलीकरणका लाभहरूलाई अधिकतम बनाउन आवश्यक छ । साथै यस अध्ययनले

दक्षिण एशियाली मुलुकहरूसँग नेपालको तुलनात्मक अध्ययन, क्षेत्रीय संगठनहरूको प्रभावकारिता, तथा कृत्रिम बुद्धिमत्ता र डिजिटल प्रविधिले नेपालको विकासमा पार्ने प्रभावसम्बन्धी अनुसन्धानले यस क्षेत्रमा विद्यमान ज्ञानको दायरा अझ फराकिलो बनाउन योगदान पुऱ्याउनेछ।

## सन्दर्भसूचि :


Acharya, Madhukar Mani. (2026). *Nepal's Economic diplomacy: Prospect and challenges since 2006 A.D.*, MPhil thesis, Kathmandu, Nepal

World Bank. (2023). Remittances as percent of GDP — Nepal. *World Development Indicators*.

World Bank. (2024). Exports of goods and services (% of GDP). *World Development Indicators*.

World Bank. (2025). *Nepal development update (November 2025)*. World Bank Group.

Yap, A. J., Mason, M. F., & Ames, D. R. (2013). The powerful size others down. *Journal of Experimental Social Psychology, 49*(3), 591–594. https://doi.org/10.1016/j.jesp.2012.12.003

Sagarmatha Sambaad. (2025). *Parallel Session 8: Climate finance and loss and damage*.

UNCTAD. (2023). *Transfer of technology for development in times of accelerating change*. United Nations.

United Nations Conference on Trade and Development (UNCTAD). (2022). *Trade and development report 2022*. United Nations.

Shrestha, R. (2021). Economic diplomacy for development partnership. *Journal of Foreign Affairs, 1*(1), 59–78.

Shrestha, R. (2024). *Trade and export promotion of Nepal* [Doctoral dissertation, Shanker Dev Campus.

Bhagwati, J. (2004). *In defense of globalization*. Oxford University Press.

Giddens, A. (2002). *Runaway world: How globalization is reshaping our lives*. Routledge.

Held, D., & McGrew, A. (2007). *Globalization theory: Approaches and controversies*. Polity Press.

Sharma, K. (2025). Landlocked or policy-locked? The WTO review of Nepal's trade policy. *Global Business Review, 26*(1), 182–193. https://doi.org/10.1177/097215092311XXXX

Jaiswal, Pramod. (2016). Nepal Between India and China: Demystifying Big Powers Interplay. In *India-China-Nepal-Decoding Trilateralism* (pp. 91–106), edited by Pramod Jaiswal and Geeta Kochhar, New Delhi: G.B. Books.

Constitution of Nepal 2015. Kathmandu: www.lawcommisssion.gov.np

Economic survey 2024.kathmandu : www.nrb.gov.np

Economic survey 2025.kathmandu : www.nrb.gov.np

रोकाय, धर्मराज, विश्वब्यापीकरणको वर्तमान अवस्था र हाल देखिएका चूनौतिहरु, वर्ष २०७६असार ,निजामति सेवा पत्रिका, लोकसेवा आयोग ।

अर्थमन्त्रालय । (२०८२,चैत्र),आर्थिक परिसूचक स्वेतपत्र, काठमाडौं, https://www.mof.gov.np